# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स० ०७७/०७८
च.स. ६५४

मिति: २०७७।०६।३०

श्री वडा कार्यालय सवै
कमल गाउँपालिका, झापा

विषयः सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी सुचना।

उपरोक्त सम्बन्धमा यस गाउँपालिका अन्तर्गत वडा नं. १ देखी ७ सम्मका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको आ.व. २०७७।०७८ को पहिलो चौमासिक (साउन देखी कार्तिक सम्मको) भत्ता रकम सम्बन्धित वडा कार्यालयले प्रकाशित गरेको सुचनाका आधारमा मिति २०७७।०७।०३ देखि सम्बन्धित वडा कार्यलय मार्फत वितरण हुने भएकोले सम्पुर्ण लाभग्राहीहरुलाई आ-आफ्नो वडा कार्यलयमा सम्पर्क गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

- भत्ता रकम वितरण हुने मिति, स्थान र समय वडा कार्यलयले तोक्नेछ।
- गाउँपालिकाको कार्यालयवाट भत्ता वितरण हुने छैन।
- भत्ता रकम बुझिलिन लाभग्राही आफै आउनु पर्नेछ। अख्तियारीका लागी वैंकबाट प्रकृया पुरा गरेका अख्तियारवालाहरुले बैंकबाट भुक्तानी लिनु पर्ने छ। बैंकबाट भुक्तानीका लागी अख्तियारवालाहरु समेतको नागरिकताको प्रमाणपत्र र प्रतिलिपी साथै लाभग्राहीको भत्ता कार्ड समेत लिएर आउनुपर्नेछ, साथै वालवालिकाको हकमा संरक्षकले भत्ता कार्ड तथा आफ्नो नागरिकताको प्रमाण पत्रको प्रतिलिपी लिई आउनु पर्नेछ।
- तोकिएको केन्द्रमा आई भत्ता रकम बुझिलिन छुट भएका लाभग्राहीहरुले २०७७ साल कार्तिक २० गते देखी एन एम बी बैंकको कुनै पनि शाखामा गई भत्ता रकम लिन सक्नु हुनेछ।
- नागरिकताको सक्कलप्रति र भत्ता परिचयपत्रको प्रतिलिपी अनिवार्य लिइ आउनुपर्ने छ।
- अन्य जानकारी गा.पा. कार्यालयमा आई वा टेलिफोन नं.०२३४७५०९९, ०२३४७५०८१ मा फोन गरी प्राप्त गर्न सकिने छ।

वोधार्थः

- सूचना प्रविधि शाखाःवेभपेज र फेसवुक पेजमा राख्ने

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

" स्वच्छ र संक्षम निजामति प्रशासनः समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email:info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१